लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

कोशी प्रदेश, नेपाल


प.सं.: ०८०/८१

सुचना नं.: 06

मिति: २०८०/०८/१८

## अनुदानको मल विक्रेता छनौट सम्बन्धी सूचना ।।

(प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०८/१८)

नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भइ कार्यान्वयनमा रहेको "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७" को परिच्छेद नं. ३ को दफा (१५) ले व्यवस्था गरे बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रका सम्भावित मल विक्रेताहरुलाई रासयनिक मल विक्रेता कम्पनीमा नियुक्तिका लागि सिफारिस गरी पठाउनुपर्ने भएकाले लिखु गाउँपालिका क्षेत्राधिकारभित्र रहेका इच्छुक कृषि सहकारी संस्था/कृषि फार्म वा कम्पनीहरुले मल विक्री वितरणको प्रमाण-पत्र प्राप्त गर्नका लागि तपशीलका कागजातसहित यो सूचना प्रकाशन भएका मितिले ७ दिन भित्रमा कृषि विकास शाखामा निवेदन दिनुहुनको लागि मिति २०८०/०८/१८ गतेको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको निर्णयानुसार सरोकारवाला सवैमा यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु :-

१) कृषि सहकारी संस्था/फर्म वा कम्पनी दर्ताको प्रमाण-पत्र प्रतिलिपि र आवेदन

२) सम्बन्धित वडा कार्यालयको सिफारिस

३) विगत २ आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

४) स्थायी लेखा नम्बर दर्ताको प्रमाण

५) अनुभव ,कार्यदक्षता,कार्यक्षमताको विवरण

६) नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका आवश्यक पर्ने भौतिक पूर्वाधारको विवरण

(नोट:- कृषि सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

लिलाराज श्रेष्ठ